# नेपाल राष्ट्र बैंक
## राष्ट्र ऋण व्यवस्थापन विभाग
थापाथली, काठमाडौंको

## व्यक्ति तथा संस्थाका लागि बोलकबोल प्रक्रियाद्वारा
## विकास ऋणपत्र २०७५"क"
## निष्कासन गर्ने सम्बन्धी सूचना

नेपाल सरकारले राष्ट्र ऋण ऐन २०५९, राष्ट्र ऋण नियमावली २०५९ र ऋणपत्रको प्राथमिक तथा दोस्रो बजार व्यवस्थापन नियमावली २०६१ अनुसार बोलकबोल प्रक्रियाद्वारा विकास ऋणपत्र २०७५"क" देहाय बमोजिमका शर्तहरु कायम गरी निष्कासन गर्ने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. (क) ऋणपत्रको नाम : विकास ऋणपत्र २०७५"क" (१२-वर्षे)।

(ख) निष्कासन गरिने कुल रकम : रू.२१०.०० करोड (दुई अर्ब दश करोड रुपैयाँ मात्र)।

(ग) निर्धारित वार्षिक ब्याजदर **(Coupon Rate)** : ६.५० प्रतिशत (अङ्कित मूल्यमा अर्द्धवार्षिक रुपमा ब्याज भुक्तानी हुने तथा ब्याजकर लाग्ने)।

(घ) बोलपत्र पेश गर्ने मिति : २०६३ फागुन २७ गतेका दिन अपरान्ह ३:०० बजेभित्र यस विभाग वा यस बैंकका उपत्यका बाहिरका कार्यालयमा उपरोक्त मिति र समयभित्र खामबन्दी गोप्य आवेदन पेश गर्नु पर्नेछ।

(ङ) निष्कासन हुने मिति : २०६३ फागुन २९ गते।

(च) साँवा भुक्तानी हुने मिति : २०७५ फागुन २९ गते।

(छ) धितो सम्बन्धी व्यवस्था : यो ऋणपत्र धितो राखी कर्जा लिनदिन पाइने।

(ज) खरिद गर्न सकिने रकम : रू.२५,०००।- वा सो अङ्कले भागगर्दा निःशेष हुने गरी निष्कासन हुने रकममा नबढाई।

(झ) फाराम सम्बन्धी व्यवस्था : विकास ऋणपत्रको बोलकबोल फाराम । यो फाराम यस विभाग तथा यस बैंकका उपत्यका बाहिरका कार्यालयबाट वा यस बैंकको वेबसाइट (**www.nrb.org.np** अन्तर्गत **Public Debt**) बाट डाउनलोड गरी प्राप्त गर्न सकिने।

२. यो ऋणपत्र खरिदका लागि व्यक्ति तथा संस्थाले बोलकबोल प्रक्रिया अन्तर्गत प्रतिस्पर्धी वा अप्रतिस्पर्धी कुनै एक बोलवालाको रुपमा मात्र भाग लिन सक्नेछन्। यस बैंकबाट वित्तीय कारोवार गर्न इजाजत प्राप्त "क", "ख" र "ग" वर्गका संस्था अप्रतिस्पर्धी बोलवाला हुन पाउने छैनन्। प्रतिस्पर्धी र अप्रतिस्पर्धी बोलवालालाई छुट्याइएको क्रमशः ७५ प्रतिशत र २५ प्रतिशत रकम अर्थात् रू.१५७.५० करोड र रू.५२.५० करोडसम्म अधिकतम एक बोलवालाले खरिदका लागि बोलपत्र पेश गर्न सक्नेछन्। अप्रतिस्पर्धी बोलवालालाई छुट्याइएको रकम पूरा बिक्री नभएमा बाँकी हुन आउने रकम प्रतिस्पर्धी बोलवालाले खरिद गर्न पाउनेछन्। अप्रतिस्पर्धी बोलवालालाई छुट्याइएको रकमभन्दा बढी रकमको बोलपत्र पेश भएमा यी बोलवालाहरुलाई दामासाहीले ऋणपत्र बिक्री गरिनेछ।

३. प्रतिस्पर्धी बोलवालाले खरिद गर्न चाहेको रकम र बोल मूल्य बोलकबोल फाराममा उल्लेख गर्नु पर्नेछ। खरिद गर्न चाहेको रकमको लागि अर्द्धवार्षिक ब्याज भुक्तानी हुने आधारमा एकसय रुपैयाँ अङ्कित मूल्य बराबर आफूले बुझाउन चाहेको बोल मूल्य **(Bid Price)** दशमलव पछाडि चार अङ्कसम्म उल्लेख गर्नु पर्नेछ।

४. अप्रतिस्पर्धी बोलवालाले खरिद गर्न चाहेको रकम मात्र खुलाउनु पर्नेछ। स्वीकृत बोलकबोल मूल्यको भारित औसत बोल मूल्यमा अप्रतिस्पर्धी बोलवालाले ऋणपत्र खरिद गर्नु पर्नेछ।

५. बोलवालाले आफूले खरिद गर्न चाहेको अङ्कित मूल्यको २.५० प्रतिशतले हुने रकम यस बैंकको बैंकिङ्ग कार्यालय वा बैंकका उपत्यका बाहिरका कार्यालयमा रहेको सण्ड्री क्रेडिटर्स विकास ऋणपत्र (अर्नेष्टमनी) हिसाबमा जम्मा गर्नु पर्नेछ। जम्मा गरेको अर्नेष्टमनीको सक्कल भौचर बोलकबोल फारामसाथ पेश गर्नु पर्नेछ। व्यक्ति बोलवाला भएको खण्डमा नागरिकताको छविचित्र समेत पेश गर्नु पर्नेछ। स्वीकृत बोलवालाले मिति २०६३ फागुन २९ गतेसम्म बैंकिङ्ग कारोवार समयभित्र विकास ऋणपत्र २०७५"क" हिसावमा बाँकी रकम जम्मा गर्नु पर्नेछ। उक्त समयभित्र आवश्यक रकम दाखिला नगरेमा अर्नेष्टमनी बापत जम्मा गरेको रकम जफत हुनेछ।

६. अस्वीकृत बोलपत्रहरुका सम्बन्धमा जम्मा गरेको अर्नेष्टमनी यस सम्बन्धी निर्णय भएको मितिले ७ दिनभित्र बिना ब्याज फिर्ता दिइनेछ।

७. प्राप्त बोलकबोल आंशिक वा पूर्ण रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अख्तियारी यस बैंकमा रहनेछ।

८. यस ऋणपत्रको दोस्रो बजार कारोवार नेपाल धितोपत्र विनिमय बजार लिमिटेड मार्फत हुनेछ।

९. अघिल्लो बोलकबोलको (मिति २०६३/८/१२) को विवरण:

(क) ऋणपत्रको नाम : विकास ऋणपत्र २०७५

(ख) बिक्रीको लागि आह्वान गरिएको रकम : रू.१२०.०० करोड

(ग) निर्धारित वार्षिक ब्याजदर (**Coupon Rate**) : ६.५० प्रतिशत

(घ) प्राप्त बोलपत्र संख्या : प्रतिस्पर्धी १३२ र अप्रतिस्पर्धी १६

(ङ) माग रकम : (अ) प्रतिस्पर्धी : रू.५०६.२५ करोड
(आ) अप्रतिस्पर्धी : रू.२१२.०५ करोड

(च) निष्कासित रकम : रू.१२०.०० करोड

(छ) एक सय रुपैयाँ अङ्कित मूल्य बराबर कायम हुन आएको बोल मूल्य : अधिकतम ११४.३८७३, न्यूनतम ११२.४५०६ र भारित औसत ११३.२९२१

१०. अन्य आवश्यक जानकारीको लागि यस विभागको फोन नं. ४२५७८८०, ४२४८९००-९०४ एक्सटेन्सन १२३, ४२२१७६३ वा ४२४१२७२ मा सम्पर्क राख्नु हुन तथा यस बैंकको वेबसाइट **http:// www.nrb.org.np** अन्तर्गत **Public Debt** मा हेर्नु हुन अनुरोध छ।